# गेरुवा गाउँपालिका

## राजस्व सुधार कार्ययोजना
## (Revenue Improvement Action Plan)

---

# गाउँपालिकाको कार्यालय

### गेरुवा, बर्दिया, लुम्बिनी प्रदेश

२०७८

दस्तावेज/प्रतिवेदन

| | |
|---|---|
| दस्तावेज/प्रतिवेदन दस्तावेज : | गेरुवा गाँउपालिका राजस्व सुधार कार्ययोजना |
| सहयोग | लुम्बिनि प्रदेश प्रशिक्षण प्रतिष्ठान |
| परामर्शदाता : | गभर्नेन्स एण्ड सोलुसन प्रा.लि.काठमाडौं |
| मिति : | २०७८ |

कृतज्ञता ज्ञापन

गेरुवा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह केसीका, उपाध्यक्ष श्री हिमा कुमारी थारु, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यपालिका सदस्यहरू, गाउँपालिकाको कर्मचारीहरू,लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

गभर्नेन्स एण्ड सोलुसन प्रा.लि.काठमाडौं

# बिषयसुचि

**परिच्छेद एकः परिचय**........5
१.१ पृष्ठभुमि........5
१.२ राजस्व सुधार योजनाको औचित्य........6
१.४ विधि तथा प्रक्रिया........7
१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन........8
१.४.२ तथ्याङ्क संकलन........8
१.४.३ कार्यशाला गोष्ठी........8
१.४.४ अन्तिम कार्यशाला गोष्ठीको आयोजना........8
१.४.५ प्रतिवेदनको अन्तिम रुप........9
१.४ सीमा........9
**परिच्छेद-दुईः गाँउपालिकाको संक्षिप्त परिचय**........10
२.१ गाँउपालिको गठन तथा नामाकरण........10
**परिच्छेद-तीन : राजश्व अधिकार तथा आय सम्भाव्यता**........14
३.१ गाउँपालिकाको राजश्व अधिकार सम्वन्धि कानुनी व्यवस्था........14
३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था........15
३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण........16
**३.३.१ (कर राजश्व र गैर कर राजश्व)**........17
**परिच्छेद -चार : संकलनको संस्थागत क्षमता तथा अवस्था**........22
४.१ राजस्व परामर्श सम्वन्धि नीति........22
तालिका नं.१०: राजस्व परामर्श समितिकने संस्थागत संरचना........22
४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता........24
४.४ राजश्व परिचालनमा रहेका सवालहरु........24
**परिच्छेद-पाँचः** राजश्व सुधार कार्ययोजना........26
५.१ राजश्व सुधार कार्ययोजना........26
**परिच्छेद -छ : आगामी तिन वर्षको आय प्रक्षेपण**........32
६.१ राजश्व सुधार कार्ययोजनाको आधारमा राजश्व प्रक्षेपण........32
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण........35
**परिच्छेद-सातः अपेक्षित नतिजा**........37
**परिच्छेद-आठः अनुगमन तथा मूल्यांकन**........38
८.१ निष्कर्ष र सुझाव........39

अनुसूची १ : सन्दर्भ सामग्री संकलन तथा अध्ययन ....................................................41
अनुसुचि २: तथ्यांक/सूचना संकलनका फारम........................................................................42
अनुसूची ३ : राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण ...................48

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभुमि

दश बर्षे शसस्त्र द्वन्द्व, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन तथा तत्पश्चातको मधेस आन्दोलनको जगमा स्थापित संघिय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले परिकल्पना गरेको संघीय शासन व्यवस्थालाई मुर्तरुप दिन संविधानसभामार्फत घोषित नेपालको संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघ प्रदेस र स्थानीय तह गरी तीन राजनीतिक तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति संविधानले नै गरेको छ१ ।

अनुसूची-५ मा संघिय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ । संविधानले प्रदान गरेको अधिकारका आधारमा बनेका संघ, प्रदेश र स्थानीय सरकारहरु आफैमा त्यस्ता शक्तिशाली तहहरु हुन जसले संबिधानको दायरा भित्र रही पूर्ण स्वायत्तताका साथ काम गर्ने क्षमता राख्छन् । तसर्थ राजनीतिक परिवर्तनको अपेक्षा बमोजिम भएको रुपान्तरणकारी परिर्वतनले समुदायको घरदैलोमा अधिकार मात्र पुऱ्याएको छैन स्थानीय तहका राजनीतिक व्यक्तित्वहरुलाई आफ्नो क्षेत्रमा विकास र सम्बृद्धि ल्याउन क्षमता प्रर्दशन गर्ने अवसर पनि प्रदान गरेको छ । बलियो इच्छा शक्ति र दीर्घकालिन सोचयुक्त राजनीतिक नेतृत्वहरुले आगामी केहि वर्ष भित्र आफ्नो पालिकालाई सँच्चिकै नमुना बनाउन सक्ने अवसर पाएका छन् । जसले अन्तत्वगत्वा नागरिकको जिवनयापनलाई सहज र सुविधाजनक बनाइदिन्छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा सबैभन्दा पहिले भौतिक पूर्वाधार विकास हुन जरुरी छ। तर यसका लागि स्थानीय तहले पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्नुपर्छ। स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को दफा ६९ (२) मा उल्लेख भए अनुसार स्थानीय तह आफैंले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम स्थानीय तहका आयस्रोत हुन सक्छन। यस्तै राष्ट्रिय प्राथमिकताका आधारमा स्थानीय सरकारकालागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ-संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम, अन्य स्थानीय सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम तथा स्थानीय तहलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम पनि स्थानीय तहको आयस्रोत हुन सक्छ। तर स्थानीय तह आफैंले सङ्कलन गर्नसकेको आय वा राजस्व रकमका आधारमै स्थानीय तहमा दिगो विकासको सम्भावनाको आँकलन गर्न सकिने भएकाले सबै पालिकाले आन्तरिक आयस्रोत सङ्कलनमै विशेष ध्यान दिन जरुरी छ। बाह्य आयलाई संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको क्षेत्र एवं कार्यक्रम वा शीर्षकमा तोकिएको सर्त वा मापदण्ड पूरा गरेर मात्र खर्च गर्नुपर्ने भएकाले स्थानीय तहलाई आन्तरिक आय प्रयोगको तुलनामा बाह्य आयको प्रयोग त्यति सहज नहुन सक्छ।

२०७४ को परिच्छेद ९ (दफा ५५-६२) मा उल्लेख भए अनुसार पालिकाले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा बिभिन्न प्रकारका सेवा शुल्क शीर्षकहरूबाट आय सङ्कलन गर्नसक्ने देखिए

१ नेपालको संविधान, २०७२

पनि सबै स्रोत समान रूपमा बिभिन्न दृष्टिकोणले सम्भाव्य नहुन सक्छ। कर तथा गैरकर दुबै स्थानीय तहका आफ्नै आयस्रोत हुन तापनि यसको सङ्कलनमा प्रभावकारिता ल्याउन स्थानीय तहकै आन्तरिक प्रशासनिक क्षमता बढाउनुपर्ने हुनसक्छ।

कर प्रगतिशील विशेषता र सङ्कलन सम्भाव्य हुँदैमा स्थानीय तह सबल एवं सक्षम हुने होइन। स्थानीय स्रोत सङ्कलनमा सक्षम बनेमात्र स्थानीय तहको सबलता प्रमाणित हुनसक्छ। यसका लागि एकातर्फ सबै करदाताको तथ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरी त्यो अभिलेखलाई समय-सापेक्ष परिमार्जन गर्न जरुरी छ भने अर्कोतर्फ सङ्कलित करको प्रयोगमा करदाता सन्तुष्ट हुनुपर्छ अर्थात् सङ्कलित स्रोतलाई पारदर्शी तरिकाले खर्च गर्नुपर्छ। स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ ले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने धेरै अधिकार निक्षेपण गरेको छ। स्थानीय तहले पारदर्शी तरिकाले आफ्ना क्रियाकलाप अगाडि बढाए मात्र सबै नागरिकलाई करको दायरामा ल्याउन सजिलो पर्छ। स्थानीय तहमा गरिने क्रियाकलापको पारदर्शिताले जनमानसमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्भव भएसम्म प्रतिनिधिमूलक तरिकाबाटै भए पनि विकास निर्माणका क्रियाकलापमा करदातालाई निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म संलग्न गराउन सके कामको गुणस्तर कायम गर्न र आयस्रोत सङ्कलन गर्न सहज हुनसक्छ।

सिमित नागरिकलाई असीमित कर वा बढी दरमा कर लगाएर भन्दा थोरै कर दरमा धेरै करदाता समेट्दै धेरै कर सङ्कलन गर्न सक्नुलाई कर प्रशासनको सक्षमता मानिन्छ। नागरिकको विकासका आवश्यकता पूरा गर्नका लागि पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ। जुन स्थानीय तहले सम्पत्ति कर सङ्कलनलाई उच्च प्राथमिकतामा राखेको छ, उसले आफ्ना नागरिकको आवश्यकता दिगो ढङ्गले पूरा गर्ने सम्भावना बढी हुन्छ। वर्तमान सन्दर्भमा आउदा बर्षहरु स्थानीय सरकारकालागि प्रारम्भिक तयारीको वर्ष भएकाले सबै स्थानीय तहले सम्भावित स्थानीय आयस्रोत व्यवस्थापनमा सक्रियता देखाउनसके पछिसम्मका लागि परनिर्भरता घटाउन सकिने सम्भावना छ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न चिन्ह लाग्ने सम्भावना रहन्छ। यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरूले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन जान्छ । नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित राजस्व सुधार कार्ययोजना : बढैयाताल गाउँपालिका तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ

भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुँने हुँदा गाउँपालिकाले प्राथमिकता प्राप्त आयोजनाहरूको आकार आँकलन गर्न सहज हुनेछ । राजस्व प्रक्रियामा सुधारका लागि बढैयाताल गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको एक प्रमुख उपलब्धीका रुपमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै गाउँपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको हुनेछ र मुख्य उपलब्धीका रुपमा गाउँपालिकाको कार्ययोजना तयारी भएको हुनेछ तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको हुनेछ ।

## १.३ उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य गेरुवा गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्य निर्धारण गरिएको छ :

- प्रचलित कानूनको भावना र उद्देश्य अनुसार गेरुवा गाउँपालिकाको वर्तमान राजस्व प्रशासन सम्बन्धी नीति कार्यक्रमहरु तथा कार्यान्वयन तौरतरिकाहरुको वस्तुनिष्ठ समीक्षा गर्ने
- राजस्व सुधार कार्ययोजनाको आवश्यकता र महत्वबारे गेरुवा गाउँपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने ।
- गेरुवा गाउँपालिकाको वर्तमान राजस्व प्रशासनसम्बन्धी नीति, कार्यक्रम तथा राजस्व दरवन्दी सम्बन्धमा सरोकारवालाहरुको धारणाको पृष्ठभूमिमा आवश्यक परिमार्जनका लागि सिफारिस गर्ने
- आधुनिक राजस्व प्रशासनसँग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक पक्षहरुको पृष्ठभूमिमा नयाँ नयाँ क्षेत्रहरुको पहिचान, बिद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउन आवश्यक नीति, कार्यक्रम सहित आगामी आ.व.२०७८।०७९ लागि आन्तरिक आय सम्बन्धी अनुमानमा संसोधन सहित आगामी ३ आ.व.का लागि राजस्व प्रक्षेपण तथा सुधार कार्ययोजना सिफारिस गर्ने ।
- गेरुवा गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- गेरुवा गाउँपालिकाको राजस्व प्रक्षेपण, बजेट अनुमान तथा सूचना प्रणालीमा सहयोग गर्ने ।

## १.४ विधि तथा प्रकिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाकालागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता विज्ञहरुबाट विभिन्न स्रोतबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### १.४.२ तथ्याङ्क संकलन

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाँउपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा गेरुवा गाउँपालिकाका कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्ष चैत्र मसान्तसम्मको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.३ कार्यशाला गोष्ठी

गेरुवा गाउँपालिकाको आयोजनामा २०७८ साल पौष २६ गते राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारीका लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो ।






कार्यशाला गोष्ठी गाउँपालिका प्रमुख श्री जमान सिंह केसीको अध्यक्षतामा गाउँपालिकाको उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष ज्युहरु राजश्व परामर्श समितिका सदस्यहरु गाँउपालिकाको कर्मचारीहरु तथा उद्योगी तथा व्यापारीहरुक गरी जम्मा ३२ जनाको उपस्थिति रहेको थियो । उपस्थितिको विवरण **अनुसुचि ३** मा रहेको छ ।

### १.४.४ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

गेरुवा गाउँपालिकाको आयोजनामा २०७८ साल फाल्गुन २५ मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सो उपर सुझाव संकलन तथा राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने उपायहरुमाथी छलफलका लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी गाउँपालिका अध्यक्ष श्री जमान सिंह केसी, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा स्थानीय राजस्व परामर्श समितिका सदस्यहरु तथा कार्यपालिका सदस्य ज्युहरुको उपस्थिसतमा एक दिने कार्यशाला गोष्ठि आयोजना गरी सुझावहरु संकलन गरिएको थियो । यस कार्यक्रममा प्राविधिक टोलीका तर्फबाट श्री दिपक बहादुर अधिकारीले राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनका मुख्य मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीका विषयवस्तुहरूमा विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन

गरिएकोथियो । गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह केसीले यस योजनाले गाउँपालिकालाई आन्तरिक आय वृद्धि गर्न निकै सहयोग पुग्ने बताउनु भएको थियो। कार्यक्रममा सहभागीहरूको नामावली **अनुसूची ४** मा दिइएको छ

### १.४.५ प्रतिवेदनको अन्तिम रुप

गाउँपालिकाको राजस्वसंग सम्बन्धीत मूख्य सरोकारवालापक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गुर्नभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सान्र्दभिक सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यो अन्तिम  प्रतिवेदन तयार गरिएको हो ।

## १.४ सीमा


गाँउपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको प्रयाप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । यसको अलावा अध्ययन तथा विश्लेषण कार्य गाँउपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाँउपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यकालागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- गाँउपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।
- यो प्रतिवेदनमा राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरुलाई प्राथमिकिकरण गरी आगामी निर्वाचित नयाँ जनप्रतिनिधिहरुले समय सापेक्ष परिमार्जन गर्न सक्नेछन ।

# परिच्छेद-दुईः गाँउपालिकाको संक्षिप्त परिचय

## २.१ गाँउपालिको गठन तथा नामाकरण

गेरुवा गाउँपालिका नेपालको लुम्बिनि प्रदेश अन्तर्गत बर्दिया जिल्लामा रहेको छ । चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशा छुटिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ । यो गाउँपालिका पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । गाउँपालिकाबाट बर्दिया राष्ट्रिय निकुञ्जको मनोरम दृश्य तथा निकुञ्जका वन्यजन्तु (बाघ, भालु, हात्ति, मृघ आदि) अवलोकन गर्न पाइन्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका पाताभार, गोला, पशुपतिनगर र मनाउ गा.वि.स. समावेश गरी जम्मा ६ वडाहरू कायम गरी गेरुवा गाउँपालिका घोषणा गरिएको हो । यो गाउँपालिका समुद्री सतहबाट १४५ मिटरदेखि १८० मिटरसम्मको उचाइमा फैलिएको छ ।त्यसैगरी ७८.४१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा राजापुर नगरपालिका, उत्तरमा कैलाली जिल्ला र दक्षिणमा राजापुर नगरपालिका रहेका छन् ।




बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा गेरुवा गाउँपालिका रहेको छ । यसका अतिरिक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँपालिकावासी समेत दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरूमा साना व्यापार, सेवामुलक व्यवसाय, नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढीरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सीमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् ।

विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको

अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ ।

## २.२ प्रशासनिक विभाजन

**तालिका नं. १: प्रशासनिक विभाजन**

| वडा नं. | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल (वर्ग कि.मि) | वडा कार्यालय रहेको स्थान | कार्यालय भवनको अवस्था |
|---|---|---|---|---|
| १ | पाताभार साविक वडा १,६-८ | १५.९७७ | बगहीपूर | आफ्नै |
| २ | पाताभार ३-५ | १०.४६७ | पाताभार | आफ्नै |
| ३ | पाताभार २,९ | ११.१५५ | शान्तिबजार | आफ्नै |
| ४ | गोला १-९ | ११.३९४ | गोला | आफ्नै |
| ५ | पशुपतिनगर १-९ | ११.९६५ | पथरैया | आफ्नै |
| ६ | मनाउ १-९ | १६.९६९ | प्रशेनीपुर | आफ्नै |

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

विश्व मानचित्रमा गेरुवा गाउँपालिकाको भौगोलिक अवस्थिति २८ डिग्री २४' १८.१७" देखि २८डिग्री३५'३६.०४" उत्तरी आक्षांससम्म र ८१ डिग्री ८' ५१" देखि ८१ डिग्री१५' १२" पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिका समुद्री सतहबाट १४५ मिटरदेखि १८० मिटरसम्मको उचाइमा फैलिएको छ ।त्यसैगरी ७८.४१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा राजापुर नगरपालिका, उत्तरमा कैलाली जिल्ला र दक्षिणमा राजापुर नगरपालिका रहेका छन्।

बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा गेरुवा गाउँपालिका रहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सीमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् ।

विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ ।

## २.४ वडागत रुपमा घरधुरी तथा जनसंस्या

यस गाउँपालिकाको कुल जनसंख्या ४०, ६५४ रहेको छ जसमध्ये पुरूष २०,८६४ र महिला १९,७९० जना रहेका छन् ।

**तालिका नं. २: वडागत रुपमा घरधुरी तथा जनसंस्या**

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | १०७५ | २६८३ | २८६६ | ५५४९ |
| २ | ९७४ | २०५४ | २४७२ | ४५२६ |
| ३ | १००३ | २४३९ | २६०० | ५०३९ |
| ४ | १३०९ | ३१६० | ३५१२ | ६६७२ |
| ५ | १४३४ | ३०९६ | ७०२ | ६७९८ |
| ६ | १२२९ | २३६३ | ३०५१ | ५४१४ |
| जम्मा | ७०२४ | | | |

## २.५ आर्थिक अवस्था

नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभागद्धारा गरिएको राष्ट्रिय आर्थिक सर्वेक्षणको प्रतिवेदन २०७६ अनुसार यस गाँउपालिकामा ९३१ आर्थिक एकाइहरु रहेको र यसबाट २०८४ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ जसमध्य १२१३ महिला र ८७१ पुरुष छन ।

गाउँपालिकामा रहेका कूल ७०२४ घरधुरीहरूमध्ये आम्दानीको मुख्य पेशा कृषि हुने घरधुरीको संख्या ७० प्रतिशत, दोस्रोमा व्यापार व्यवसाय गर्नेको संख्या ६.९ प्रतिशत, तेस्रोमा आन्तरिक बिप्रेषण अर्थात अन्य जिल्ला वा क्षेत्रबाट कमाएर पठाएको रकम हुनेको संख्या ४.१ प्रतिशत, नोकरी गर्नेको संख्या २.९ प्रतिशत, दैनिक ज्यालादारी गर्नेको संख्या २.४ प्रतिशत,अन्य नखुलेको १३.२ प्रतिशत र उद्योग, पेन्सन, घरभाडा, ब्याज, बैदेशिक विप्रेषण आदिमा नगण्य संख्यामा परिवारको आम्दानीको मुख्य श्रोत भएको देखिन्छ । तथ्याङ्कबाट अत्यन्त ठूलो संख्यामा रहेका घरधुरीहरू अर्थात ७० प्रतिशतको आम्दानीको मुख्य श्रोत कृषि पेशा नै देखिन्छ । ठूलो संख्यामा जनसंख्या कृषिमा आधारित देखिएतापनि आम्दानी र उत्पादनका हिसाबले निकै अपर्र्याप्त रहेको छ । दोस्रोमा रहेको व्यापार व्यवसायसमेत प्रभावकारी देखिँदैन किनकि ग्रामीण भेगमा ठूला व्यापारीक केन्द्रहरू नहुने, उपभोक्ताको चहलपहल कम हुने हुनाले व्यापार न्यून रहन्छ । सबैभन्दा महत्वपूण पक्ष भनेको आम्दानीको मुख्य श्रोत परम्परागत कृषि हुनुले यहाँ ठूलो संख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा मानिसको संलग्नता नगण्य देखिन्छ । यस प्रकारको आर्थिक स्थितिलाई व्यापक सुधार गर्नुपर्ने देखिन्छ ।

बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा गेरुवा गाउँपालिका रहेको छ । यसका अतिरिक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँपालिकावासी समेत दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरूमा साना व्यापार, सेवामुलक व्यवसाय, नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढीरहेको छ ।

## २.६ गाँउपालिकाको मानवीय संसाधन

**तालिका नं. २ गाँउपालिकाको मानवीय संसाधन**

| क्र.स. | प्द | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | |
| २ | अधिकृत नवौं (शिक्षा) | - | |
| ३ | अधिकृत आठौं(शिक्षा) | - | |
| ४ | लेखा अधिकृत | - | |
| ५ | अधिकृत छैठौ प्रशासन | १ | |
| ६ | अधिकृत आठौं( कृषि) | - | |
| ५ | ईन्जिनियर (सिभिल⁄ वि.एण्ड आ) | २ | |
| ८ | लेखापाल | ० | |
| ९ | सहायक पाँचौ | ६ | |
| १० | सब इन्जिनियर | ३ | |
| ११ | कम्प्युटर अपरेटर | ४ | |
| १२ | महिला विकास निरिक्षण | १ | |
| १३ | सर्भेक्षक | ० | |
| १४ | प्रा.स.(शिक्षा) | १ | |
| १५ | सहायक चौथो | ७ | |
| १६ | सह लेखापाल | २ | |
| १७ | स.म.वि.नी. | १ | |
| १८ | असई | ५ | |
| १९ | स.क.अ. | ० | |
| २० | प.स्वा प्राविधिक (भेट) | ० | |
| २१ | प्रा.स. (कृषि) | ० | |
| २२ | ना.प.स्वा.प्रा. (भेट) चौथो | १ | |
| २३ | कृषि प्रसार सहायक चौथो | १ | |
| जम्मा | | ३६ | |

## २.७ गाँउपालिकाको भौतिक सम्पत्ति

यस गाउँपालिकाको कार्यालय आफ्नै नया कार्यालय भवनमा संचालनमा रहेको छ। गाउँपालिकाको कूल ६ वडा कार्यालयहरुमा ६ वटाकोनै वडा कार्यालयहरु आफ्नै कार्यालय भवनमा संचालनमा रहेका छन्। गाउँपालिकाभित्र विद्यालय वाहेक कूल ९ कट्टा ७ धुर जती सरकारी जग्गा, ४ वटा भवन, १ वटा स्कारपियो २ वटा ४ पाङग्रे सवारी साधन तथा १२ वटा मोटरसाईकल १जे.सी.बी. २ वटा रोलर रहेकोछ।

# परिच्छेद-तीन : राजश्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्था समेतका आधारमा आन्तरिक स्रोततर्फ यस नगरपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षकगत् रुपमा विश्लेषण गरिएको छ ।

**३.१ गाउँपालिकाको राजश्व अधिकार सम्वन्धि कानुनी व्यवस्था**

नेपालको संविधान, २०७२ अनुसूची ८ अनुक्रम ४ बमोजिम गाउँपालिकालाई सम्पत्ति कर, भूमीकर ( मालपोत), सवारी साधन कर, मनोरञ्जन कर, घर बहाल कर, विज्ञापन कर, व्यवसाय कर र घर जग्गा रजिष्ट्रेशन दस्तुर, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत), दण्ड जरिवाना जस्ता राजस्व अधिकार प्रदान गरेको छ भने संघीय कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ ले ती राजस्व अधिकारको थप व्याख्या गरेको अवस्था छ । जस अनुसार गेरुवा गाउँपालिका भित्रको घरजग्गाको मूल्यको आधारमा एकिकृत सम्पत्तिकर वा घरजग्गाकर जसको बिकल्पको रुपमा मालपोत वा भूमिकर, घरजग्गा वहालकर, पूजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसायकर, रिक्सा, टांगा, अटोरिक्सा, इ रिक्सामा सवारीकर, उन, खोटो, वनकस कवाडीमाल, जीवजस्तुको हाड, सींग, प्वाख छालाको व्यवसायिक उपयोगमा जडिवुटि, कवाडी र जीवजन्तुकर, आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत वहाल विटौरी शुल्क, आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन पाउने गरी कानूनी व्यवस्था गरेको छ । त्यसै गरी आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदिमा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङकन र सिफारिस सम्बन्धी कुनै सेवामा सेवा शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । यसै गरी दस्तुर तर्फ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, बिद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन, कोचिग, औषधीपसल, प्लटिङ, ढुंगा, गिटी, वालुवा, माटो, खरिढुंगा, स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग, नक्सापास, पंजिकरण, सिफारिस, जग्गा नापजांच, वस्तु तथा सेवा बिक्रि, ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी कार्यको दर्ता अनुमति वा नविकरण गर्दा दस्तुर लिन सक्ने व्यवस्था गरेको छ ।

यसै गरी नेपालको संविधान तथा अन्तर सरकारी बित्त हस्तान्तरण ऐन २०७४, राष्टिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ अनुसार संघ, प्रदेश तथा स्थानीय सरकार बीच बाँडफाँड हुने व्यवस्था अनुसारको राजस्व अधिकार देहाय बमोजिम :

**क) संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी

- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**ख) स्थानीय तहमा संकलन भई बाँडफाँड हुने**

- **बिज्ञापन कर :** स्थानीय तहले विज्ञापन कर लगाउने र उठाउने । यसरी उठेको रकम स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- **मनोरञ्जन कर** : मनोरञ्जन करको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलन भएको रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- **घर जग्गा रजिष्ट्रेशन शुल्क** : घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलित रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।

**ग) प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने**

- सवारी साधन (टांगा, रिक्सा, अटो रिक्सा, विद्युतिय रिक्सा बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र संकलित रकममध्ये प्रदेशले ६० र स्थानीय तहले ४० प्रतिसत पाउने गरी बाँडफाँड हुने ।

## ३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था

**तालिका नं: ४ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | छ | छ | छ |
| | एकीकृत सम्पीत्त कर | छैन | छैन | छैन |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | छैन | छ |
| | घर जग्गा बहाल कर | छ | छ | छ |
| | व्यवसाय कर | छ | छ | छ |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | छैन | छ |
| ख. | अन्य राजस्व | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं | छ | छैन | छ |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | | | |
| | नक्सापास दस्तुर | छ | छ | छ |
| | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| | वहाल विटौरी शुल्क | छ | छ | छ |
| | पार्किङ्ग शुल्क | छैन | छैन | |
| | अस्पताल सञ्चालन | | छैन | |
| | फोहरमैला ब्यवस्थापन शुल्क | | छैन | |
| | स्थानीय खानेपानी महसुल | | छैन | |
| | स्थानीय विद्युत महसुल | | छैन | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | | छैन | |
| | निर्माण, सञ्चालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क ( खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडकवत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | छ | छ | छ |
| | मूल्याङ्कन सेवा शुल्क | छ | छ | छ |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | छ | छ |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | छैन | छ |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |
| | दण्ड जरिवाना | छ | छ | छ |

### ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

गाउँपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजस्वमध्ये यस गाउँपालिकाले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### ३.३.१ (कर राजश्व र गैर कर राजश्व)

**क) एकीकृत सम्पत्ति कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकालाई आफ्नो क्षेत्रभित्र तोकिएको दरमा एकीकृत सम्पत्ति कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । ऐनले सबै स्थानीय सरकारलाई २०७५ साउन १ गतेबाट हाल लिदैआएको मालपोत (भूमीकर) कर परिवर्तन गरी अनिबार्य रुपमा एकीकृत सम्पत्ति कर उठाउने पर्ने वाध्यकारी ब्यवस्था गरेको भएतापनि चालु आ.व.को आर्थिक ऐनले स्थानीय सरकार संचालन ऐनको दफा ५५ र ५६ खारेज गरी एकीकृत सम्पत्ति कर सम्बन्धी विद्यमान कानूनी व्यबस्थामा परिवर्तन गरेको र सम्पत्ति कर नलागेको जग्गामा भूमीकर (मालपोत) लगाउन सक्ने वैकल्पिक व्यवस्था गरेकोले सम्पत्तिकर लाग्ने सम्पत्तिमा सम्पत्तिकर र अन्य सम्पत्तिमा मालपोत वा भूमिकर लगाउन सक्ने देखिन्छ ।

अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरुसँगको अन्तरक्रियाको निष्कर्षको रुपमा गेरुवा गाउँपालिका क्षेत्रमा वसोवास गर्ने करीव ९० प्रतिसत नागरिकहरुसँग जग्गाको स्वामित्व रहेको तर के कति संख्यामा सम्पत्तिकरदाता हुन सक्छन भन्ने सन्दर्भमा गेरुवा गाउँपालिकाका क्षेत्रभित्रको जग्गा जमिनको एकिन अभिलेख तयार भइनसकेको, स्वामित्व सम्बन्धी समस्या रहेका जमिन र त्यस्ता जमिनमा निर्माण भएका संरचनाहरुमा सम्पत्तिकरको उपयुक्त बिकल्प वहाल बिटौरी शुल्क लगाउन सकिने सुझावहरु प्राप्त भएको छ । यस पालिका चालु आ.व.सम्म मालपोत वा भूमिकर मात्र संकलन गर्दै आइरहेको छ । तथापी, सम्पत्तिकरको प्रारम्भिक संभाव्यता आकलन गर्न मूलत: गेरुवा गाउँपालिकाका क्षेत्र भित्र रहेको कूल जनसंख्या, कूल घरधुरी संख्या, औषत परिवार संख्या, सम्पत्तिको स्वामित्व रहेको परिवारको औषत न्युनतम संख्या करयोग्य अचल सम्पत्तिको अनुमानित मूल्यलाई नै आधार बनाउनु पर्ने हुन्छ । यसर्थ सम्पत्तिकरको संभाव्यता अध्ययन र अनुमान प्रक्षेपणको लागि अनुमानित जनसंख्या ४० हजार, अनुमानित धरधुरी परिवार संख्या ७०२४ हजार, औषत परिवार संख्या ५.७ छ ।

**तालिका नं. ५: सम्पत्तिकर अनुमान प्रक्षेपण:**

| करदाता संख्या प्रतिशत | अनुमानित करदाता संख्या | अनुमानित अचल सम्पत्ति मूल्यांकन | कर दर | औषत करभार | अनुमानित प्रक्षेपण |
|---|---|---|---|---|---|
| ५०प्रतिशत | ३५१२ | १०००००० | ३०० | ३०० | १०५६०० |
| ३०प्रतिशत | २१०७ | २०००००० | ५०० | ५०० | १०५३५०० |
| १५ प्रतिशत | १०५४ | ५०००००० | ७०० | ७०० | ७३७८०० |
| १.५ प्रतिशत | १०६ | १०००००००० | ०.०१% | १००० | १०६००० |
| १ प्रतिशत | ७० | २०००००००० | ०.०२% | ४००० | २८०००० |
| १ प्रतिसत | ७० | ३०००००००० | ०.०३% | ९००० | ६३०००० |
| ०.५ प्रतिशत | ३५ | ४०००००००० | ०.०४% | १६००० | ५६०००० |
| ०.५प्रतिशत | ३५ | ५०००००००० | ०.०५% | २५००० | ८७५००० |
| ०.५प्रतिशत | ३५ | १००००००००० | ०.०६% | ६०००० | २१००००० |
| **जम्मा** | **७०२४** | | | | ७३९५९०० |

स्रोत: गेरुवा गाउँपालिका, २०७८

उपरोक्त तालिकाको आधारमा गेरुवा गाउँपालिकाको कूल सम्भाव्यता करीव ७४ लाख हाराहारी अनुमान गरिएको छ भने आगामी आ.व.हरुमा मा १० प्रतिसत बृद्धि हुने अनुमान गरिएको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन करदर र दायरा बिश्लेषणको आधारमा लक्ष्य निर्धारण हुनु आवश्यक छ भने व्यवस्थापकीय सुधार तर्फ तथ्यांक अद्यावधिका लागि घरधुरी सर्वेक्षण वा सम्पत्तिको स्वयम घोषणा बिधिको अवलम्बन, करयोग्य सम्पत्तिको मूल्यांकनका लागि जग्गा जमिनलाई व्यवसायिक, आवासीय र अन्य वर्गमा

वर्गिकरण गरी प्रचलित बजारमूल्यसँग तालमेल मिलाउनु अति आवश्यक छ । त्यसैगरी घरको हकमा मुल्य ह्रास दर पनि तोक्नु आवश्यक छ ।

**सुधारका पक्षहरू:**

सम्पत्ती कर कार्यान्वयनका लागि गाउँपालिकाले सम्बोधन गर्नुपर्ने विषय देहाअनुसार रहेका छन्:

- आर्थिक ऐनमा संविधान र संघीय कानूनको व्यवस्था अनुसार आर्थिक ऐनमा प्रगतिशिल करको सम्पत्ती कर व्यवस्थापनको कार्यविधिको व्यवस्था गर्ने ।
- सम्पत्ती मूल्याकंनमा स्वघोषणा विधिबाट कर व्यवस्थापन बारे पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ती करको व्यवस्था बारे आमजनताहरुलाई विभिन्न माध्यमबाट सुसूचित गर्ने ।
- सफ्टवयर, उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालमा कम्प्युटरमा आधारित बिलिङ प्रणाली व्यबस्तीत गर्ने।

**ख) मालपोत वा भुमीकर**

यस गेरुवा गाउँपालिकाको चालु आ.व.सम्म मालपोत वा भूमिकर मात्र संकलन गर्दै आइरहेको छ । यसर्थ गत आ.व.२०७७।७८मा रु.१८ लाख ३५ हजार आम्दानी गरेको छ । भने आगामी आ.व. देखि सम्पत्तिकर प्रणाली लागु गर्ने सम्बन्धमा नीतिगत निर्णय गर्नुपर्ने देखिन्छ । भने चालु आ.व.२०७८।०७९ का लागि २० लाख र आगामी आ.व.हरुमा १० प्रतिसत बृद्धि हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- मालपोत कार्यालयसँग समन्वय गरी गाउँपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका ठाउँमा बढी मूल्य जाने क्षेत्रमा करको दर बढी र बस्ति तथा सडकको पहुँच नभएका ग्रामिण क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

**ग) घर जग्गा वहाल कर**

गेरुवा गाउँपालिकाभित्रका कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लिइने कर घरजग्गा बहाल कर हो । यो कर स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार गेरुवा गाउँपालिकामा नै रहेकोले गेरुवा गाउँपालिकाले बहाल रकमको १० प्रतिसतको दर तोकेको देखिन्छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन घरवहाललाई आवासिय र व्यावसायिक दरमा वर्गिकरण गरिएको छ भने विद्यमान करको दरलाई परिवर्तन गरि आवासिय तर्फ बाषिर्क भाडा रकम अनुसार ३ देखि ८ प्रतिसत सम्म र व्यवसायिक क्षेत्रकालागि ५ देखि १० प्रतिसत सम्म करको दर कायम गरिएको छ जुन तालिका ६ र ७ मा प्रस्तुत गरिएको छ । यस शिर्षक अन्तर्गत करिव रु ११ लाख राजस्व उठ्ने अनुमान गरिएको छ भने तालिका ७ अनुसार आवासिय र व्यवसायिक क्षेत्रबाट मा क्रमश कुल २ लाख २६ हजार र ८ लाख ७० हजार राजस्व उठ्ने प्रक्षेपण गरिएको छ भने उक्त राजस्व १० प्रतिसतका दरले बढ्दै जाने अनुमान गरिएको छ ।

**तालिका नं. ६: आवासिय भाडा दरको प्रक्षेपण**

| क्र.सं. | आवासिय भाडा दर ( बार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | ५००० | १५ | ०.०३ | २२५०० |
| २ | १०००० | ६ | ०.०४ | २४००० |
| ३ | २०००० | ३ | ०.०५ | ३०००० |
| ४ | ३०००० | ३ | ०.०६ | ५४००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | ४०००० | ३ | ०.०७ | ५६००० |
| ६ | ५०००० | १ | ०.०८ | ४०००० |
| **जम्मा** | | **३०** | | **२२६५००** |

स्रोत: गेरुवा गाउँपालिका, २०७८

**तालिका नं. ७: व्यावसायिक भाडा दरको प्रक्षेपण**

| **क्र.सं.** | **व्यवसायिक भाडा दर ( बार्षिक)** | **अनुमानित संख्या** | **दर रेट** | **अनुमानित आय** |
|---|---|---|---|---|
| १ | ५०००० | ४० | ०.०५ | १००००० |
| २ | १००००० | १० | ०.०६ | ६०००० |
| ३ | २००००० | ८ | ०.०७ | ११२००० |
| ४ | ३००००० | ७ | ०.०८ | १६८००० |
| ५ | ४००००० | ५ | ०.०९ | ११८०००० |
| ६ | ५००००० | ५ | ०.१० | २५०००० |
| | **जम्मा** | **७५** | | **८७००००** |

स्रोत: गेरुवा गाउँपालिका, २०७८

घरवहाल करालाई प्रभावकारी वनाउन गेरुवा गाउँपालिकाले देहायका कार्य गर्नु आवश्यक देखिन्छ :

- स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।
- घर जग्गा बहाल कर लगाउने र उठाउने सम्बन्धी कार्यविधि कानूनको निर्माण गरी लागु गर्ने ।
- घर वहाल कर नतिर्ने घरधनीलाई गेरुवा गाउँपालिकाबाट प्राप्त हुने सुविधावाट बञ्चित गर्ने नीति लिने ।

**घ) व्यवसाय कर र रजिष्ट्रेशन दस्तुर**

व्यवसाय कर गेरुवा गाउँपालिकाको प्रमुख आयको रुपमा लिन सकिन्छ । गाँउपालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका व्यबसायहरुलाई बर्गीकरण गरी व्यवसाय कर लगाउन सक्दछ । व्यवसाय करको दर गाँउसभाले स्वीकृत गरेको आर्थिक ऐनद्वारा निर्धारण गरिएको हुन्छ । यस गाँउपालिकाले पनि विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । गाँउपालिकामा व्यवसाय सम्बन्धी तथ्यांक नभएता पनि अध्ययनको क्रममा गरिएको अन्तरक्रिया र स्थालगत अनुगमनको आधारमा गाँउपालिका क्षेत्रभित्र करिव ७२७ को हाराहारीमा साना ठूला पसल व्यवसायहरु भएको देखिन्छ । यसर्थ व्यवसायकर शिर्षकमा गरिएको अनुमान करिव रु १३ लाखलाई यथावत रुपमा राखी आगामि आ.व. का वर्षहरुमा १० प्रतिसतले राजस्व बढ्ने अनुमान प्रस्ताव गरिएको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन गाँउपालिका भित्र हुने व्यवसायलाई कारोवारका आधारमा वर्गीकरण गरी तालिका ८ वमोजिम करको दर कायम गर्न सकिने देखिन्छ ।

**तालिका नं. ८: व्यवसायिक राजस्वको अनुमानित प्रक्षेपण**

| **क्र.सं.** | **व्यवसायको विवरण** | **अनुमानित संख्या** | **दर रेट** | **अनुमानित आय** |
|---|---|---|---|---|
| १ | २० लाख सम्म (६० प्रतिशत) | ४३७ | १००० | ४३७००० |
| २ | २० देखि ५० लाख सम्म (२० प्रतिशत) | १४६ | २००० | २९२००० |
| ३ | ५० लाख ७० सम्म (१० प्रतिशत) | ७२ | ३००० | २१६००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | ७० लाख १ करोड सम्म (५ प्रतिशत) | ३६ | ४००० | १४४००० |
| ५ | १ करोड देखि ३ करोड सम्म(५ प्रतिशत) | ३६ | ५००० | १८०००० |
| | जम्मा | ७२७ | | १२६९००० |

**सुधारका पक्षहरूः**

साथै व्यवसाय करलाई थप वैज्ञानिक र प्रभावकारी वनाउन देहायका कार्यहरु गर्न सकिन्छ :

- व्यवसाय कर सम्वन्धी आवश्यक सूचनासहितको व्यवसायहरुको यथार्थ विवरण संकलन तथा लगत अध्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धीमा उद्योग वाणिज्य संघसँग समन्वय गर्ने ।
- कर तिर्ने व्यवसायीको "व्यवसायी संकेत नं." कायम गर्ने ।
- एकै प्रकृतिको व्यवसायलाई लगानी तथा कारोबारको आधारमा ठूला,मझौला र साना (क ख ग घ) वर्गमा वर्गीकरण गरी करको दर निर्धारण र परिमार्जन गर्ने ।

**ङ ) विज्ञापन कर**

गाँउपालिका क्षेत्र भित्र हुने बिज्ञापनमा आर्थिक ऐनको अनुसूचि (७) बमोजिम बिज्ञापन कर लगाईने र असूल उपर गरिने छ । तर प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ गाँउपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्छ । तर, संघीय कानुन अनुसार यो कर गेरुवा गाउँपालिकाले दर निर्धारण र संकलन गर्ने तथा प्रदेशलाई ४० र स्थानीय तहलाई ६० प्रतिसतका दरले बाँडफाँड हुने भएको यस गाँउपालिका क्षेत्र भित्र विज्ञापनका लागि होर्डिङ बोर्ड राखिएको तर हालसम्म विज्ञापन कर असुली नभएको अवस्था छ । नगरमा यस्ता विज्ञापनको होर्डिङ वोर्ड र डिजिटल वोर्ड के कति संख्यामा छ भन्ने विवरण उपलव्ध हुन नसकेको हुंदा अनुमान गरिएको करिव रु ५० हजारलाई यथावत राखी आगामी आ.व. का वर्षहरुमा १० प्रतिसतले राजस्व बढ्ने अनुमान प्रस्ताव गरिएको छ ।

**सुधारका पक्षहरूः**

गाँउपालिका क्षेत्रभित्र रहेका बिज्ञापन वोर्ड तथा अन्य व्यापारिक बिज्ञापन वोर्डहरुको अभिलेख तयार गर्ने,

- बिज्ञापन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने ।
- बिज्ञापन को प्रकृति ,ढाचा हेरी करको दर निर्धारण गर्ने ।
- बिज्ञापन सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरुको यर्थाथ तथ्यांक संकलन र अध्यावधिक गर्ने ।

**३.३.२ गैर राजश्व**

**क) अन्य सेवा शुल्कहरु**

गेरुवा गाउँपालिकाले नगरवासी तथा सेवाग्राहीहरुलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरुप गाँउ सभाले विभिन्न सेवाहरुको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरु संकलन गरिरहेको छ । यस अन्तर्गत अगामी आ.व.मा प्राप्त हुने रकम विगत आ.व.को औसत वृद्धि, गाँउपालिकाको जनसंख्या तथा घरधुरीका आधारमा अनुमान गरिएको छ ।

**ख) दस्तुरहरु**

यस अन्तर्गत गाँउपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरु गरे वापत लिईने दस्तुर पर्दछ, जुन गाँउपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । गाँउपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न

शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ । उक्त शिर्षक अन्तर्गत उठदैआयका रकम आगामी आ.व.हरुमा क्रमशः १० प्रतिसतले बढ्दै जाने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

गाँउपालिकाले हाल कायम गरेका सेवा शुल्क दस्तुरका कतिपय शिर्षकहरुमा परिमार्जनको आवश्यकता देखिएको छ ।

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।
- त्यसै गरी नगरपालिकाबाट गरिने सिफारिसलाई "एक पटक दिने र वारम्बार दिने" गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।

### ग) घरनक्सा पास दस्तुर

**तालिका नं. ९: घरनक्सा पास दस्तुर**

| राजस्वको शिर्षक | औसत करको दर | अनुमानित करदाता संख्या | अनुमानित राजस्व |
|---|---|---|---|
| घर नक्सापास | ६००० | १० | ६०००० |
| अभिलेखिकरण | ४००० | ७५ | ३००००० |
| **जम्मा** | | **८५** | **३६००००** |

गेरुवा गाउँपालिकाले नक्सा पास वापत गत आ.व.२०७७।०७८ मा ८२ हजार राजस्व प्राप्त गरेको थियो भने आगामी आ.व.२०७८।०७९ मा १ लाख १० हजार राजस्व प्राप्त हूने अनुमान गरिएको छ ।

भने आ.व.०७९।८० र ०८०।८१ मा १० प्रतिसतले वृद्धि हुदै जाने अनुमान गरिएको छ । यसका लागि गाउँपालिका क्षेत्रभित्र निर्माण हुने कुनै पनि भौतिक संरचना नक्सा पास गरिमात्र निर्माण गर्नु पर्ने र पुराना भवन संरचनाहरुलाई नियमित गर्ने नीति कडाइका साथ पालना गर्नु पर्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने।

### घ) वहाल विटौरी

गेरुवा गाउँपालिकाले वहाल विटौरी करका लागि हाल गरेको व्यवस्था व्यवस्थाका तुलनामा बर्गफिटका आधारमा करको दर तोक्दा उपयुक्त हुने देखिन्छ । वहाल विटौरी अन्तर्गत आ.व २०७७।७८ को ७५ लाख ६० हजारलाई कायम राखी आ.व.०७९।८० र ०८०।८१ मा १० प्रतिसतले वृद्धि हुदै जाने अनुमान गरिएको छ ।

# परिच्छेद -चार : संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा गाँउपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

**४.१ राजस्व परामर्श सम्वन्धि नीति**

गाँउपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहि आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनको लागि गाँउपालिका उपाध्यक्ष हिमा कुमारी थारुको संयोजकत्वमा देहाय बमोजिमको ५ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका नं.१०: राजस्व परामर्श समितिकने संस्थागत संरचना**

| क.स. | समितिका व्यक्तिहरु नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | हिमा कुमारी थारु | संयोजक | गापा उपाध्यक्ष |
| २ | नवराज भट्टराई | सदस्य | वडा सदस्य |
| ३ | तेज राज बजगाँई | सदस्य | उ.वा. |
| ४ | अशोक कुमार थारु | सदस्य | |
| ५ | बिष्णु प्रसाद गुरुङ्ग | | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाँउसभा समक्ष पेस गरेको थियो । पुनर्संरचित गाँउपालिकाको संवैधानिक व्यवस्थाको आधारमा गाँउपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि गाँउसभालेसो दर स्वीकृत गरेको छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी गाँउसभा मार्फत आर्थिक ऐन पारित गरिएको हो । आर्थिक प्रशासन तथा राजस्व परिचालन नीतिः

- राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन (राजश्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर,
- पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर,
- बहालविटौरी कर, घरजग्गा क, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर,
- प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड,
- संकलन र नियमन, अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड
- तथा नियमन र सोको संङ्कलन तथा बाँडफाँड

- आफ्नो क्षेत्रभित्र राजश्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानुन बमोजिम प्राकृतिक
- श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन
- स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन,
- शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन)
- मालपोत संकलन
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको
- सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, र्‍याफ्टिङ्ग शुल्क
- सामुदायिक वनको संञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन
- पानीघट्ट, कुलो, पैनी जस्ता सेवा संञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन

**४.२ आय संकलनको संस्थागत क्षमता**

गाँउपालिकाको विगत बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ । गाँउपालिकाले गत आर्थिक वर्षमा विविध प्रकारका शिर्षकहरुबाट राजश्व संकलन गरेकोथियो । गत आ.व.को यथार्थ संकलन र चालु आ.व.को प्रस्तावित आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ :

आन्तरिक आय र वाहय आय( समानिकरण अनुदान, सशर्त अनुदान, राजस्व वांडफांड जस्ता स्थानीय श्रोत र संघ तथा प्रदेश सरकारको तर्फबाट बिशेष कार्यक्रमका लागि उपलव्ध गराइने आय समेत) तर्फ आ.व.२०७७।०७८ का लागि राजस्व सुधार योजना तर्जुमा भइनसकेको अवस्था मा रु. ६९ करोड ५१ लाख २१ हजार रुपैंया आय थियो। आ.व.२०७८।०७९ का लागि रु.८२ करोड ८१ लाख ९१ हजार आय अनुमान प्रक्षेपण प्रस्ताव गरिएको देखिन्छ ।

**तालिका नं. १३ : गाँउपालिकाको राजस्व संरचना**

**रु. हजारमा**

| आय शिर्षक | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को अनुमानित आय | यथार्थ २०७८/०७८ पुस महिना सम्म |
|---|---|---|---|
| **क. आन्तरिक आय । बैंक मौदात** | **१५७३२** | **६५०६१** | **१९०१** |
| आन्तरिक आय । बैंक मौदात | १५७३२ | ६५०६१ | १९०१ |
| **ख. राजश्व बाँडफाँड** | **६०२००** | - | |
| संघिय राजश्व बाँडफाँड | - | ७८,४०६ | |
| प्रदेश राजश्व बाँडफाँड | - | ७,०५५ | |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | | | |
| संघीय सरकार | ३६३४०० | - | |
| संघिय समानिकरण अनुदान | ११८७०० | १२५,३०० | |
| संघिय सर्शत अनुदान चालु | २००४०० | १७८,००० | |
| संघ सर्शत अनुदान पुँजिगत | - | २६,९०० | |
| संघिय विशेष अनुदान चालु | ३०८०० | ६,६०० | |
| संघिय समपुरक अनुदान चालु | १४४०० | १५,२००, | |
| **प्रदेश सरकार** | ३५३०० | | |
| प्रदेश समानिकरण अनुदान | ५२०० | ५,९१५ | |
| प्रदेश सर्शत अनुदान चालु | १४८०० | ८,५४४, | |

| | | | |
|---|---|---|---|
| प्रदेश बिशेष अनुदान चालु | ६००० | ६,०००, | |
| प्रदेश समपुरक अनुदान चालु | ११२०० | १५,००० | |
| सडक बोर्ड नेपाल | | ३,०००, | |
| एककृित स्वास्थ्य विकास कार्यक्रम | | ८,५०० | |
| गरिब सँग विश्वेश्वर कार्यक्रम | | ५४६ | |
| प्रदेश तथा स्थानिय तह क्षमता विकास | | ५,०० | |
| जम्मा | | **६२२६९७** | |

**स्रोतः गेरुवा गाउँपालिका, २०७८**

### ४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाँउपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको ।
- राजस्वसम्बन्धी कामकाजका लागि प्रशासनिक रुपमा राजस्व उपशाखा गठन भई काम गरिरहेको।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रयाप्त नरहेको ।
- राजस्व संकलन कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा कम्प्युटर तथा सफ्फ्टवेयर जडान भएको ।
- राजस्व संकलनमा वडास्तरमा कम्प्युटर विलिङ्ग प्रयोग भइरहेको।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको।
- वडा कार्यालयहरूले संकलन भएको रकम साप्ताहिक रुपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको।

### ४.४ राजश्व परिचालनमा रहेका सवालहरु

गाँउपालिकाको आय परिचालनमा सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

क) कर संकलन सामर्थ्यको अभिवृद्धि संविधान/कानुनद्वारा अख्तियारप्राप्त तथा गाँउपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल करजस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैन । कर संकलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा कृयाकलाप पहिचान गरिएअनुरुप तिनीहरको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

ख) आर्थिक ऐनमा सुधार गाँउपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । गाँउपालिकाको जे.सी.बी. तथा अन्य यन्त्रउपकरण जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सवैजग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ ।

ग) तथ्याङ्कमा आधारित अभिलेख आन्तरिक आयमा वृद्धिका लागि आन्तरिक आयका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । यस अन्तर्गत गाँउपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा हरेक वर्ष अद्यावधिक गर्नुपर्ने जस्ता विषयहरू समावेश रहन्छन् । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

घ) कार्यविधि तर्जुमा आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी गाँउपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन्।

ङ) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

च) सामाजिक-आर्थिक अवस्था र कर संकलन सामर्थ्यबीचको सामञ्जस्यता स्थानीय स्तरमा आजआर्जनका अवसरहरूको कमी रहेको छ । कृषि क्षेत्र जीवन निर्वाहमुखी छ । जनसंख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरु थपिनु समस्याका रुपमा रहन सक्दछ । अर्कातर्फ, कानुनले अधिकार दिएका क्षेत्रहरूमा कर संकलन नगर्दा गाँउपालिकाले कर संकलन सामर्थ्य कमजोर देखिन सक्ने भएकाले सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नुपर्दछ ।

छ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाँउपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्।

# परिच्छेद-पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गेरुवा गाँउपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाँउपालिकाको स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा गाँउपालिकाको आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ राजश्व सुधार कार्ययोजना

यस अध्ययनबाट देखिएका राजस्वका संभावनाहरुलाई कार्यान्वयन गरी गेरुवा गाँउपालिकाको राजस्वमा सुधार ल्याउनको लागि देहाय बमोजिमका सुधार कृयाकलापहरु संचालन गर्न प्रस्ताव गरिएको छ ।

**तालिका नंः १२ : राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| कर तथा गैह्र कर राजस्व | | | |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सम्पत्ति कर | - करको दररेटलाई सुक्ष्म अध्ययन गरी व्यवस्थित र वैज्ञानिक बनाउने ।<br>- वडा कार्यालयबाट समेत कर लिन सक्ने अवधारणा अनुसार नेटवर्किङमा आधारित वेभवेस्ड सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>- नया वडाहरुमा थप जनचेतना कार्यक्रम संचालन गर्ने<br>- सम्पत्तिको यथार्थ विवरण संकलन नियमित अद्यावधिक गर्ने<br>- सम्पत्तिको मुल्याङकनको आधारमा कर को दर निर्धारण गर्ने | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, गाँउ सभा |
| व्यवसाय रजिष्ट्रेसन तथा नविकरण दस्तुर कर तथा व्यवसाय कर | - उद्योग वाणिज्य संघसँग समन्वय गरी व्यवसायीहरुको वर्गीकरण गर्दै व्यवसायको प्रकृति हेरी करको दायरामा ल्याउने<br>- गाँउपालिकाभित्र रहेका व्यवसायीहरुको तथ्यांक लिने र अद्यावधिक गर्ने(फिल्ड अनुगमन गरी)<br>- व्यवसायीहरुलाई कर सम्वन्धी १ दिने अभिमुखीकरण आयोजना गर्ने<br>- दर्ता नभएका व्यवसायीलाई गाँउपालिकामा मा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने<br>- निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने<br>- कर छुट तथा सहुलियतको व्यवस्था गर्ने<br>- अनलाईन भुक्तानिको व्यवस्था मिलाउने<br>- वडा वडामा कर शिविर संचालन गर्ने ।<br>- रजिष्ट्रेशन गर्नुपर्ने संघसंस्थाहरुको विवरण संकलन गर्न वडा वडामा शिविर संचालन गर्ने र त्यहि शिविरमा व्यवसाय रजिष्ट्रेसन गरि प्रमाण पत्र दिने<br>- प्रकृति अनुसार वर्गिकरण कर दर्ता तथा नविकरण दस्तुर निर्धारण गर्ने । | आ.व. २०७८/७९ भित्र | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखा, |
| | - व्यवसाय करको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्तसम्म | गाँउ सभा |
| घर वहाल कर | - घरधुरी संकलन तथा नम्वरीङ गर्ने | आ.व. | राजस्व |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - घर भाडामा लगाएका घरहरु पहिचान गरी सूचिकृत गरी करको दायरामा ल्याउने ।<br>- घर तथा जग्गाको न्यूनतम वहाल दर निर्धारण गर्ने | २०७८/७९ भित्र | उपशाखा, राजस्व परामर्श समिति |
| सवारी कर | - दर्ता ,अनुमति तथा अद्मावधिक शुल्क निर्धारण गर्ने<br>- संचालनको अनुमति र रुट परमिट निर्धारण | | |
| विज्ञापन कर | - गाँउपालिकाको विद्ममान विज्ञापन सामाग्री र त्यस सम्वन्धि बिषयको अध्ययन गर्ने<br>- विज्ञापन करको कार्यविधि तर्जुमा ,वर्गिकरण, सामाग्री र आकार बमोजिम शुल्क निर्धारण गर्ने | | |
| वहाल विटौरी शुल्क | - सरकारी जग्गाहरु, सरकारी जग्गामा बनेका संरचनाको अभिलेख तयार गरी वार्षिक ठेक्का लगाउने ।<br>- लालपुर्जा तथा आवश्यक कागजात नभएको जग्गामा निर्माण भएको संरचनाको विवरण संकलन गर्ने | आ.व. २०७८/७९ भित्र | राजस्व परामर्श समिति, कार्यपालिका |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | - सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>- मूल्यांकन शुल्क दर पुनरावलोकन गर्ने ( वैदेशीक र वैंकिंङ प्रयोजन को रुपमा वर्गिकरण) । | आ.व. २०७८/७९ भित्र | राजस्व परामर्श समिति, राजस्व उपशाखा |
| पर्यटन सेवा शुल्क | - पर्यटन विकासको प्रचुर सम्भावना बोकेको धार्मिक मठमन्दिर तथा स्थलहरुको विकास तथा विस्तार गरि विकास तथा पर्यटकीय सेवाहरुको ब्यवस्थापन गरि सेवा शुल्क लगाउने ।<br>- स्थानिय ,राष्ट्रिय तथा अन्तराष्ट्रिय नागरिकहरुलाई फरक फरक शुल्क निर्धारण गर्ने | आ.व. २०७८/७९ भित्र | राजस्व उपशाखा, प्रशासन शाखा, कार्यपालिका |
| वन पैदावार | - सामुदायिक वन तथा वनपैदावार बिक्रि वितरण सम्वन्धि तथ्याङक संकलन तथा अद्मावधिक गर्ने | | |
| मनोरञ्जन कर | - विभिन्न किसिमका मनोरञ्जनका क्रियाकलापहरुको संचालन गरेवापत दर्ता नविकरण प्रवेश शुल्क को निर्धारण | | |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| नक्सा पास दस्तुर | - नक्सापास प्रकृयालाई मापदण्ड बनाई कार्यान्वयन गर्ने<br>- सेवामुलक संस्थाहरुलाई केहि सहुलियत प्रदान गर्ने<br>- भवनको वर्गिकरण अनुसार कर को शुल्क निर्धारण गर्ने | आ.व. २०७८/७९ भित्र | घरनक्सा पास उपशाखा |
| | - नियमित अनुगमन र दण्ड जरिवाना लगाउने व्यवस्था गर्ने । | आ.व. २०७८/७९ भित्र | घरनक्सा पास उपशाखा, राजस्व उपशाखा |
| पार्किङ शुल्क | - पार्किङ स्थल पहिचान गर्ने ।<br>- प्राथमिकताको आधारमा पार्किङ स्थलहरुको डिजाईन र निर्माण गर्ने<br>- पार्किङ असुली विधि तय गर्ने साथै त्यहि अनुरुप पार्किङ शुल्क निर्धारण गर्ने | आ.व. २०७८/७९ भित्र | |
| विज्ञापन कर | - विज्ञापन एजेन्सीसँग समन्वय गरी क्षेत्र तथा करको दायरामा ल्याउने । | आ.व. २०७८/७९ भित्र | राजस्व उपशाखा |
| अन्य कर, दस्तुर तथा सेवा शुल्क | - नीति बताउने,सेवाको वर्गीकरण गर्ने ।<br>- सेवा प्रदान गर्दा अनिवार्य सम्पत्ति करको विल भरपाई पेश गर्नुपर्ने व्यबस्था गर्ने ।<br>- जग्गाको अव्यवस्थित खण्डिकरण रोक्ने, दण्ड जरिबाना तथा थप शुल्क लिने ।<br>- कल कारखाना, होटल व्यावसाय तथा स्वास्थ्य क्लिनीकहरुबाट वातावरणमा पारेको नकारात्मक प्रभावको आधारमा मापदण्ड बनाई थप सेवा शुल्क लिने ।<br>- प्राकृतिक श्रोत तथा बन जन्य बस्तुको बिक्री तथा निकासीमा करको सम्भाव्यता हेरी प्रदेश सरकारसँगको समझदारीमा संचालन गर्ने । | आ.व. २०७८/७९ भित्र | राजस्व पारमर्श समिति |
| **- ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन | - गाँउपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुहरुको अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सो को परिचालन संभाव्यता अध्ययन गर्ने । | आ.व. २०७८/७९ भित्र | प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालयहरु |
| गाँउपालिकाले | - निर्माण, मर्मत, सुधार /नयाँ उद्यान र | निरन्तरता रुपमा | गाँउपालिका र |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| निर्माण गरेका उद्यान, पार्कहरुमा | पार्क निर्माण गर्ने । | | निजी क्षेत्र |
| सार्वजनिक जग्गाको उपयोग ( सरकारी जग्गा, भवन) | - सटर निर्माण गरी व्यापारी प्रयोजनमा भाडामा दिने र फुल नर्सरी गर्ने । | ३ वर्ष | गाँउपालिकाले र गै.स.स |
| सार्वजनिक निजी साझेदारी | - हाल देखिएका सम्भावित क्षेत्रहरुः फोहर मैला व्यवस्थापन, बैकल्पिक उर्जा, ...बस संचालन र थप अन्य क्षेत्रहरुको विस्तृत अध्ययन गर्ने<br>- निजी क्षेत्र सँग अन्तरक्रिया र खाका तयार गर्ने<br>- नीति तर्जुमा तथा योजना तयारी गर्ने<br>- प्रस्ताव आह्वान तथा कार्यान्वयन गर्ने | निरन्तर | गाँउपालिका |
| कृषि व्यवसायी | - पहिचान, संकलन, व्यवस्थापन गर्ने । | आ.व. २०७८/७९ भित्र | गाँउपालिका |
| निजी विद्यालय | - करको दायरामा ल्याउन नीति निर्माण गर्ने | १ वर्ष | गाँउपालिका |
| **- ग. राजस्व प्रशासन** | | | |
| नीतिगत व्यवस्था | - राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐनको समयानुकुल परिमार्जन तथा अन्य आवश्यक कार्यविधि तयार गरि गाँउसभाबाट पास गर्ने ।<br>- पुरस्कार र दण्डको व्यवस्था गर्ने ।<br>- घर निर्माण सम्पन्नता जानकारी , नक्सा र करसँग Linkage गर्ने | आ.व. २०७८/७९ भित्र | प्रमुख प्रशासकीय अधिकृत गाँउसभा |
| सांगाठनिक व्यवस्था | - राजस्व बिज्ञको अल्पकालिन सेवा लिने<br>- राजस्व शाखाको स्थापना गरी दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,<br>- क्षमता बिकास र प्रविधीको उपयोग गर्ने ।<br>- राजस्व प्रशाासन शाखा तथा वडा कार्यालयका लागि आवश्यक भौतिक सुविधाहरु (कार्य स्थल, फर्निचर, कम्प्युटर, सफ्टवेयर आदी) मा बृद्धि गर्ने । | २०७९ असार मसान्त सम्म | राजस्व परामर्श समिति प्रशासन शाखा |
| राजस्व संकलन तथा अभिलेख | - राजस्व अभिलेखमा नयां वडाहरु समेतको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने | आ.व. २०७८/७९ | केन्द्र सरकार र कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - राजस्व प्रशासनमा सबै सेवाहरु सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | भित्र | |
| सूचना तथा पारदर्शिता | - सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने । गाँउपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने । | मासिक रुपमा | प्रमुख प्रशासकीय अधिकृत, वडा सचिवहरु |
| प्रविधि/स्रोत साधन | - छिटो छरितो रुपमा कार्य सम्पादन गर्न आधुनिक प्रविधिकको प्रयोग गर्ने। (Software, Control Mechanism, Automatic System, Internet, Record maintain and GIS System) | नयाँ आ.व सुरु हुने वित्तिकै | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |
| जनशक्ति | - उपलब्ध जनशक्तिको क्षमता बिकास<br>- कर्मचारी थप गर्ने | आ.व सुरु हुने वित्तिकै | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |
| जनचेतना/प्रचार प्रसार | - राजस्व संकलनको लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने र सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्ने । | निरन्तर | सुचना अधिकृत /शाखा प्रमुख |
| पारदर्शिता | - संकलन गरिएका राजस्व रकम पारदर्शी ढंगबाट आय/व्यय विवरण राख्ने व्यवस्था गर्ने ।<br>- नियमन र अनुगमन प्रत्यक चौमासिकमा आय ब्यायको सार्वजनिककरण गर्ने । | निरन्तर आ.व सुरु देखि अन्त सम्म | राजस्व शाखा, , वडा समिति |
| अनुगमन | - अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>- निर्धारित दर अनुसार राजस्व संकलन भए नभएको<br>- बढैयाताल गाँउपालिकाले लिएको नीति अनुसार कार्य भए नभएको<br>- कर असुली प्रकृया सरलिकृत तथा न्यायोचित भए नभएको | प्रत्येक तीन महिनामा | कार्यपालिका |
| समिक्षा तथा प्रोत्साहन | - प्रत्यक चौमासिक रुपमा आय ब्यायको सार्वजनिककरण गर्ने र कार्यपालिका बैठकमा समिक्षा गर्ने ।<br>- प्रत्येक छ महिनामा कर्मचारी सहित समिक्षा गर्ने ।<br>- बार्षिक रुपमा करदाताहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । | निरन्तर<br>वार्षिक रुपमा (गाँउसभा गर्ने दिनमा) | प्रमुख प्रशासकीय अधिकृत<br>कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - करदातालाई सम्मान गर्ने (बढि कर तिर्नेलाई)<br>- राम्रो काम गर्ने जनप्रतिनिधी तथा कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरि प्रोत्साहन दिने) | | |

# परिच्छेद -छ : आगामी तिन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा गाँउपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दे आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । यसले गाँउपालिकाको आय वजेट तर्जुमा गर्न सहयोग पुग्ने छ

**६.१ राजश्व सुधार कार्ययोजनाको आधारमा राजश्व प्रक्षेपण**

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात आगामी तीन वर्ष (आ.व. २०७९।८० देखि २०८१।८२ को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूकोआय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविश्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ ।

**तालिका नं. १३ : आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपणका आधार**

| राजस्व | राजस्व शिर्षक | कुल | आय प्रक्षेपणका आधारहरू | प्रक्षेपित |
|---|---|---|---|---|

| **संकेत** | | **सम्भाव्यता (रु हजारमा)** | | रकम |
|---|---|---|---|---|
| ११३१३ | एकिकृत सम्पत्ति कर | ७४०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६६६० |
| ११३१४ | मालपोत वा भूमिकर | २२५० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०२५ |
| ११३२२ | वहाल विटौरी कर | ७५६० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ७५६० |
| ११३२१ | घरवहाल कर | ११०० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६६० |
| ११६११ | व्यवसाय कर तथा व्यवसाय रजिष्ट्रेशन दस्तुर | १३०० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ७८० |
| | विज्ञापन कर | ५० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४५ |
| १४२४९ | अन्य दस्तुर | ११५० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०३५ |
| ११६३१ | कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर | २०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १६० |
| १४१७१ | वन रोयल्टि | १५ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १५ |
| १४१७२ | खानी रोयल्टि | ७०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५६०० |
| १४१७३ | जलस्रोत रोयल्टि | २० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २० |
| १४३१२ | प्रशासनिक दण्ढ जरिवाना | ८० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ८० |
| १४२१९ | अन्य सेवा शुल्क | १६०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १४४० |

| | | | | |
|---|---|---|---|---|
| ११४५१ | सवारी साधन कर(साना सवारी) | १०० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २४० |
| १४२२१ | न्यायिक दस्तुर | १ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १.१ |
| ११६९१ | अन्य कर | १५ | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ७.५ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ८०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६४०० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ५०० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३०० |
| १४२१८ | विद्युत सेवा शुल्क | १५ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १५ |
| १४२४२ | नक्सा पास दस्तुर | ११० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ११० |
| १४२४३ | सिफारिस दस्तुर | १६५० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १४८५ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २५० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १५० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४० |
| १४२२४ | परिक्षा शुल्क | ८० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ८० |
| १४५२९ | अन्य राजश्व | ३०० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | १८० |
| | **ख. राजश्व बाँडफाँड** | | | |
| | संघिय राजश्व बाँडफाँड | | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस | ७८,४०६ |
| | प्रदेश राजश्व बाँडफाँड | | | ७,०५५ |

| | | | | |
|---|---|---|---|---|
| | | | ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | |
| | **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | - | | |
| | **संघीय सरकार** | | | |
| १३३११ | संघिय समानिकरण अनुदान | | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १२५,३०० |
| १३३१२ | संघिय सर्शत अनुदान चालु | | | १७८,००० |
| | संघ सर्शत अनुदान पुँजिगत | | | २६,९०० |
| १३३१४ | संघिय विशेष अनुदान चालु | | | ६,६०० |
| १३३१६ | संघिय समपुरक अनुदान चालु | | | १५,२००, |
| | **प्रदेश सरकार** | | | |
| १३३११ | प्रदेश समानिकरण अनुदान | | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ५,९१५ |
| १३३१२ | प्रदेश सर्शत अनुदान चालु | | | ८,५४४, |
| १३३१४ | प्रदेश बिशेष अनुदान चालु | | | ६,०००, |
| १३३१६ | प्रदेश समपुरक अनुदान चालु | | | १५,००० |
| | सडक बोर्ड नेपाल | | | ३,०००, |
| | एककृित स्वास्थ्य विकास कार्यक्रम | | | ८,५०० |
| | गरिब सँग विश्वेश्वर कार्यक्रम | | | ५४६ |
| | प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | | | ५,०० |

### ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाँउपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार पालिकाको आय वृद्धि हुने देखिन्छ ।

**तालिका नं. १४: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण**

**रु. हजारमा**

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | कुल सम्भाव्यता | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ११३१३ | एकिकृत सम्पत्ति कर | | ६६६० | ७३२६ | ८०५९ | ८८६४ |
| ११३१४ | मालपोत वा भूमिकर | १८३५ | १०२५ | ११२८ | १२४० | १३६४ |
| ११३२२ | वहाल विटौरी कर | ७५५९ | ७५६० | ८३१६ | ९१४८ | १००६२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११३२१ | घरवहाल कर | २०४ | ६६० | ७२६ | ७९९ | ८७८ |
| ११६११ | व्यवसाय कर तथा व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६७९ | ७८० | ८१९ | ८६० | ९०३ |
| | | | | | | |
| | विज्ञापन कर | | ४५ | ५० | ५४ | ६० |
| १४२४९ | अन्य दस्तुर | १०३४ | १०३५ | ११३९ | १२५२ | १३७८ |
| ११६३१ | कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर | १५९ | १६० | १७६ | १९४ | २१३ |
| १४१७१ | वन रोयल्टि | १४ | १५ | १७ | १८ | २० |
| १४१७२ | खानी रोयल्टि | ६०५ | ५६०० | ६१६० | ६७७६ | ७४५४ |
| १४१७३ | जलस्रोत रोयल्टि | १९ | २० | २२ | २४ | २७ |
| १४३१२ | प्रशासनिक दण्ढ जरिवाना | ७९ | ८० | ८८ | ९७ | १०६ |
| १४२१९ | अन्य सेवा शुल्क | ४१५ | १४४० | १५८४ | १७४२ | १९१७ |
| ११४५१ | सवारी साधन कर( साना सवारी) | | ५० | ५५ | ६१ | ६७ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ९ | २४० | २६४ | २९० | ३१९ |
| १४२२१ | न्यायिक दस्तुर | १ | १ | १.१ | १.२१ | १.३३ |
| ११६९१ | अन्य कर | ११ | ७.५ | ८ | ९ | १० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | ६४०० | ७०४० | ७७४४ | ८५१८ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | ३०० | ३३० | ३६३ | ४०० |
| १४२१८ | विद्युत सेवा शुल्क | १२ | १५ | १७ | १८ | २० |
| १४२४२ | नक्सा पास दस्तुर | ८२ | ११० | १२१ | १३३ | १४६ |
| १४२४३ | सिफारिस दस्तुर | २२०० | १४८५ | १६३४ | १७९७ | १९७८ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १२८ | १५० | १६५ | १८२ | २०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ४४ | ४० | ४४ | ४८ | ५३ |
| १४२२४ | परिक्षा शुल्क | ७४ | ८० | ८८ | ९७ | १०६ |
| १४५२९ | अन्य राजश्व | २ | १८० | १९८ | २१८ | २४० |
| | **राजश्व बाँडफाँड** | | | | | |
| | संघिय राजश्व बाँडफाँड | | ७८,४०६ | ८२३२६ | ८६४४३ | ९०७६५ |
| | प्रदेश राजश्व बाँडफाँड | | ७,०५५ | ७४०८ | ७७७८ | ८१६७ |
| | **वित्तीय हस्तान्तरण** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **तथा अनुदान** | | | | | |
| | **संघीय सरकार** | | | | | |
| १३३११ | संघिय समानिकरण अनुदान | | १२५,३०० | १३१५६५ | १३८१४३ | १४५०५० |
| १३३१२ | संघिय सर्शत अनुदान चालु | | १७८,००० | १८६९०० | १९६२४५ | २०६०५७ |
| | संघ सर्शत अनुदान पुँजिगत | | २६,९०० | २८२४५ | २९६५७ | ३११४० |
| १३३१४ | संघिय विशेष अनुदान चालु | | ६,६०० | ६९३० | ७२७६५ | ७६४०३ |
| १३३१६ | संघिय समपुरक अनुदान चालु | | १५,२००, | १५९६० | १६७५८ | १७५६० |
| | **प्रदेश सरकार** | | | | | |
| १३३११ | प्रदेश समानिकरण अनुदान | | ५९१५ | ६२११ | ६५२१ | ६८४७ |
| १३३१२ | प्रदेश सर्शत अनुदान चालु | | ८५४४ | ८९७१ | ९४१९ | ९८९१ |
| १३३१४ | प्रदेश बिशेष अनुदान चालु | | ६००० | ६३०० | ६६१५ | ६९४६ |
| १३३१६ | प्रदेश समपुरक अनुदान चालु | | १५००० | १५७५० | १६५३८ | १७३६४ |

# परिच्छेद-सातः अपेक्षित नतिजा

सारांशमा राजस्व सुधार कार्ययोजनाको पुर्ण कार्यान्वयन पश्चात् गाँउपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ ।

**तालिका नं. १५ प्रक्षेपित आय संरचना**

**रु. हजारमा**

| क्र. सं. | राजस्व शिर्षक | कुल सम्भाव्यता | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | आन्तरिक आय | ३३९५८ | ३७४८६ | ४१२२४ | ४५३०४ |
| २ | संघीय राजश्व बाँडफाँडबाट प्राप्त आय | ७८,४०६ | ८२३२६ | ८६४४३ | ९०७६५ |
| ३ | प्रदेश राजश्व बाँडफाँडवाट प्राप्त आय | ७,०५५ | ७४०८ | ७७७८ | ८१६७ |
| ४ | अनुदान तथा वित्तिय हस्तान्तरण | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | संघिय सरकार | ३५२००० | ३६९६०० | ४५३५६८ | ४७६२१० |
| | प्रदेश सरकार | ३५४५९ | ३७२३२ | ३९०९३ | ४१०४८ |
| | जम्मा | ५०६८७८.५ | ५३४०५२.१ | ६२८१०६.२१ | ६६१४८४.३३ |
| कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशतमा) | | ६.७ | ७.०२ | ६.५६ | ६.८५ |

प्रस्तुत विवरणले गाँउपालिकाको आन्तरिक आय आगामी आर्थिक वर्ष २०७९।०८० मा ३ करोड ७४ लाख बराबर हुने अनुमान गरिएको छ, जुन कुल आय को ७ प्रतिशत हुन आँउछ । यो रकम संकलन गर्न पनि गाँउपालिकाले बर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा ठुलै परिवर्तन गर्न आवश्यक देखिन्छ । गाँउपालिकाले यस तर्फ निम्न कदम चाल्नुपर्ने देखिन्छ :

- आय संकलनको लागि आवश्यक ऐन तथा कार्यविधिको तयारी
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण वा परिमार्जन तथा जरिवाना निर्धारण
- राजश्व परामर्श समितिको परिचालन
- राजश्व शाखाको क्षमता विकास

# परिच्छेद-आठः अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार संचालन ऐनको ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई आगामि ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजश्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरुकोलागि आवश्यक आधार हुनेछ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणको लागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षकोलागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनकोलागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ ।

**(क) कार्यालय स्तरको अनुगमनः** यो स्तरको अनुगमन तथा मूल्यांकनको लागि प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले

कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**(ख) राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः**

राजश्व परामर्श समितिले चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजश्व सुधार योजनाको समिक्षा गरिन्छ ।

**(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः**

कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरीन्छ ।

**(घ) वाह्य अनुगमन तथा मूल्यांकनः**

राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजश्व प्रशासनसंग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

## ८.१ निष्कर्ष र सुझाव

गाँउपालिकाहरुले स्थानीय सरकारको रुपमा अधिकार प्राप्त गरेका छन् । गाँउपालिकाको सन्दर्भमा हालको परिवर्तित व्यवस्था अनुसार राजस्व परिचालनका क्षेत्रमा गर्नुपर्ने सुधारका कृयाकलापहरुको पहिचान, पहिचान गरिएका कृयाकलापको कार्यान्वयन सुनिश्चितताका लागि स्पष्ट कार्ययोजनाका साथमा अगामी आर्थिक वर्षहरुमा संकलन हुन सक्ने राजस्वको प्रक्षेपणलाई यस प्रतिवेदनले समेटेको छ । राजस्व वाँडफांडको प्रक्षेपण गर्दा हाल वाँडफाँड भई आएका स्रोतहरुको मात्र प्रक्षेपण गरिएको छ । यो प्रक्षेपण तयार गर्दा केन्द्र सरकार र स्थानीय सरकार वीच र प्रदेश सरकार र स्थानीय सरकार बीच हुने राजस्व वाँडफाँडलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट आगामी आ.ब. २०७८।७९ का लागि प्रदान गरिएको बजेट सिमालाई आधार मानिएको छ । गाँउपालिकाकालाई राजस्व संकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएता पनि  गाँउपालिकाको दायरा अधिक देखिदैन । गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिन्छ । सिमित साधन र श्रोतका कारण राजस्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजस्व बृद्धिमा योगदान पुर्‍याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरुको संकलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ । साथै राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ । गाँउपालिकाले प्रभावकारी संकलनमा प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजस्वका शीर्षकहरु निम्नानुसार छन् :

- सम्पत्ति कर
- घर जग्गा बहाल कर
- व्यवसाय कर
- नक्सापास दस्तुर
- व्यवसाय रजिष्ट्रेशन दस्तुर
- सवारी साधन कर

- वन पैदावार
- मनोरञ्जन कर
- विज्ञापन कर

त्यसैगरी गाँउपालिकाले राजस्व बृद्धि एवं करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू गर्न सिफारिस गरिन्छ :

- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व शाखा सुदृढिकरण गर्ने ।
- तथ्यांक संकलन र अद्यावधिकरण गर्ने ।
- बहाल विटौरी करका क्षेत्रहरुको ठेक्का निर्धारण गर्ने ।
- करदाताहरूलाई नियमित रुपमा पत्र वा विद्युतिय सूचना पठाउने ।
- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, वैज्ञानिक लेखा प्रणालीको व्यवस्थापन र स्थीर सम्पत्तिहरूको संरक्षण र परिचालन गर्ने ।

**थप सुझावहरु**

- व्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने
- उपयुक्त स्थानमा सटर निर्माण गरी भाडामा दिन सकिने ।
- निजी विद्यालयको तथ्यांक लिने ।
- Billing System को विकास ( जस्तैः SMS / Mobile System_ गर्ने ।
- राजस्वलाई गाँउपालिकाको सेवा प्रणालीमा आवद्ध गर्ने र सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- राजस्व प्रशासन सम्बनधी कार्य क्रमशः विकेन्द्रिकरण गर्दै लैजाने ।
- निजी क्षेत्र र विभिन्न दातृ निकायहरुबाट सञ्चालन गरिने कार्यक्रम र लगानीलाई गाँउपालिकाको वहुवर्षिय तथा वार्षिक कार्यक्रमसँग आवद्ध गरी स्रोत परिचालन गर्ने ।
- गाँउपालिकाले संचालन गर्दै आएका सम्भाव्य आयोजनाहरुको निर्माण, मर्मत तथा संचालनमा निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने ।
- गाँउपालिकाको कर प्रणाली र खर्च प्रणालीलाई क्रमशः कम्प्यूटर सफ्टवयर प्रणालीमा लैजाने ।
- प्रविधिको उच्चतम प्रयोग गर्ने
- पालिकाक्षेत्रभित्र रहेका सार्वजनिक जग्गा तथा मठमन्दिरसँग रहेको सार्वजनिक जग्गाहरुलाई व्यवस्थित गरी व्यावसायिक रुपमा संचालन गर्ने व्यवस्था मिलाउने ।

**राजस्व अभिबृद्धिका लागि वडागत रुपमा प्राप्त सुझावहरु**

- तरकारी फलफुल तथा दुध संकलन केन्द्रको स्थापना गर्न सकिने,
- पिकनिक स्थल तथा पार्क निर्माण गर्ने,
- वडा वासिलाई करको वारेमा जानकारी दिने र नतिर्ने लाइ दण्ड तथा जरिवाना सम्म लगाउने,
- सबै व्यबसायीहरुलाई करको दायरामा ल्याउन सकिने,
- तरकारि तथा फलफुल संकलन र दुध संकलन केन्द्र स्थापना गर्न सकिने
- आवास क्षेत्र तथा व्यापारिक क्षेत्रको श्रेणि विभाजन गरि घर बहाल कर उठाउन सकिने,
- व्यवसायीहरुलाई करको दायरामा ल्याई कर तिर्न लगाउने नतिर्नेलाई दण्ड तथा जरिवाना लगाउने
- व्यवसाय दर्ता भए नभएको अनुगमन गर्ने,
- कर तथा राजस्व सम्बन्धि जनचेतना जगाउने कार्यक्रम गर्ने
- निजी विद्यालयलाई कर उठाउने कार्यको कार्यान्वयन गर्ने ,
- अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्ने,
- न्यूनतम भाडादर कायम गर्ने,

- बढि कर तिर्नेलाई प्रमाणपत्र तथा पुरस्कार दिई सबैलाई उत्साहित  गराउने,
- करको दयरा फराकिला पार्ने,
- कर दर घटाउने ।
- राजश्व परनर्मश समितिको भुमिकालाई प्रभावकारी बनाउदै लैजाने
- राजश्व संकलन को नियमित प्रगति समिक्षा गर्ने
- राजश्व शाखाको क्षमता अभिवृद्धि गर्ने  तथा सुचना प्रविधिको अधिकतम उपयग गर्ने
- राजश्व परनर्मश समितिबाट मुल्याङकन तथा अनुगमन गर्ने
- करदाताको अभिलेख ,राजश्व चुहावट नियन्त्रण तथा आन्तरिक लेखापरिक्षण मा  जोड दिन

# अनुसूचीहरु

**अनुसूची  १ : सन्दर्भ सामग्री संकलन तथा अध्ययन**

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४,
- बढैयाताल गाँउपालिका आ.व.०७८।०७९ को योजना, नीति बजेट तथा कार्यक्रम,
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेकणे कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरूको अध्ययन
- गेरुवा गाउँपालिकाको आर्थिक ऐन २०७७
- नेपाल सरकारको वजेट वक्तव्य, २०७८।७९
- लुम्बिनी प्रदेश  सरकारको वजेट वक्तव्य, २०७८।७९

- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७७/२०७८, नेपाल सरकार

**अनुसुचि २: तथ्यांक/सूचना संकलनका फारम**
**बढैयाताल गाँउपालिका ,वर्दिया**
**राजस्व सुधार कार्ययोजना तर्जुमा**
**तथ्यांक संकलन सूची**
**पालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय :
  - नामांकरण
  - घरधुरी तथा जनसंख्या
  - क्षेत्रफल तथा वडा विभाजन
  - प्रशिद्ध स्थलहरु
- **मुख्य पूर्वाधारको अवस्था**
  - सडक, बाटो, पुल
  - बिजुली
  - खानेपानी तथा सिंचाई
  - सावर्जनिक भवन तथा पूर्वाधारहरु
  - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- **आर्थिक अवस्था र भौगोलिक बनोट**
  - उद्योग, व्यवसाय तथा कलकारखाना
  - मुख्य व्यापारिक केन्द्रहरु
  - भौगोलिक अवस्थिती
  - प्राकृतिक तथा पर्यटकिय सम्पदा

**पालिकाको संगठन तथा राजस्व प्रशासन :**

- हालको संगठन संरचना
  - निर्वाचित पदाधिकारीहरुको विवरण
  - कर्मचारीहरुको विवरण
- राजस्व शाखा तथा राजस्व प्रशासन
  - राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
  - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
  - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
  - राजस्व सम्बन्धी डाटा वेस
  - राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
  - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग,
- भौतिक सुविधाहरु
  - कार्यालयका भवनहरु
  - सवारी साधन
  - फर्निचर, कम्प्युटर, प्रिन्टर

**पालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरणः**

- विगत तीन आर्थिक वर्षहरु (२०७५/७६, ०७६/७७ र ०७७/७८) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७८/७९) को अनुमानित/बजेट विवरण
- चालु आर्थिक वर्षका लागि गाँउपालिका सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

**अन्य दस्तावेज तथा सूचनाहरु**

- गाउँ /नगर सभाले पारित गरेको आर्थिक ऐन
- राजस्व संग सम्बन्धी त अन्य नीति तथा कार्यक्रमहरु
- पालिकाको बस्तुस्थिति विवरण
- राजस्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरु

**तथ्यांक संकलन फारम**

**१. पालिकाका आयका स्रोतहरू तथा हालको अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | | | |
| | एकीकृत सम्पीत्त कर | | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | | | |
| | घर जग्गा बहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | | | |
| **ख.** | **अन्य राजस्व** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | | | |
| | नक्सापास दस्तुर | | | |
| | व्यक्तिगत घटना दर्ता शुल्क | | | |
| | वहाल विटौरी शुल्क | | | |
| | पार्किङ्ग शुल्क | | | |
| | अस्पताल सञ्चालन | | | |
| | फोहरमैला ब्यवस्थापन शुल्क | | | |
| | स्थानीय खानेपानी महसुल | | | |
| | स्थानीय विद्युत महसुल | | | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | | | |
| | निर्माण, सञ्चालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवाशुल्क ( | | | |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | | | |
| | मूल्याङ्कन सेवा शुल्क | | | |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | | | |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | | | |
| | दण्ड जरिवाना | | | |

**२: पालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा**

| क.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम ( यदी भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| ख | भोगचलनमा रहेको जग्गा | | | | |
| | | | | | |

**३: पालिकाको स्वमित्वमा रहेका भवन**

| क.सं. | स्थान | भवनको विवरण (कोठा समेत) | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**४: करमा आधारित सूचनाहरु**

**क. सम्पत्ति कर सम्बन्धी विवरण**

पालिकामा दर्ता भएका जम्मा करदाता संख्या : ..................

आ.व. २०७६।७मा कर तिर्ने करदाता संख्या : .................. संकलित रकम : .................

**ख. भवन सम्बन्धी विवरण**

| क.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु (नोटः व्यपारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजिविद्यालय तथा क्यापस आदी) | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरु | | | |
| **३** | **आवासिय भवन/घरहरु** | | | |
| ३.१ | कच्ची घरहरु -कच्ची जोडाई तथा छानाा) | | | |
| ३.२ | अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंकिट वा स्टिलको छाना भएका) | | | |
| ३.३ | पिलर सिस्टम नभएको पक्कि घर | | | |
| ३.४ | पिलर सिस्टम भएको पक्कि घर | | | |
| **जम्मा** | | | | |

**ग. जग्गा सम्बन्धी विवरण**

| क.सं. | जग्गाको किसिम | स्थान | अनुमानित जग्गाधनी | अनुमानित क्षेत्रफल | औसत मूल्याङ्कन दर ( मालपोत कार्यालयको आधारमा) |
|---|---|---|---|---|---|
| | शहरी क्षेत्र | | | | |
| | आवासिय क्षेत्र | | | | |
| | कृषि क्षेत्र | | | | |
| | वन तथा अन्य क्षेत्र | | | | |
| **जम्मा** | | | | | |

**घ. सवारी साधन सम्बन्धी विवरण**

पालिकामा दर्ता भएका जम्मा करदाता संख्या : ..................

आ.व. २०७७।७८ मा कर तिर्ने करदाता संख्या : .................. संकलित रकम : .................

| क.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा तथा ई-रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

**ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण**

पालिकामा दर्ता भएका जम्मा करदाता संख्या : ..................

आ.व. २०७७।७८ मा कर तिर्ने करदाता संख्या : .................. संकलित रकम : .................

| क.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग | | | | |

| क.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| २ | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि) | | | | |
| ३ | व्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | | |
| ४ | डिलर तथा थोक विक्रेता | | | | |
| ५ | अन्य व्यवसायहरु | | | | |

**छ. खानीजन्य वस्तु विक्री तथा निकासी**

| क.सं. | उत्पादन/उत्खनन स्थल | बस्तुहरु | कुल उत्खनन योग्य परिणाम | विक्री मुल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|---|
| | | ढुङ्गा | | | |
| | | गिट्टी | | | |
| | | बालुवा | | | |

**ज. जडिबुटी, कवाडी र जिव जन्तु (ब्यवसायिक उपयोग)**

| क.सं. | बस्तुहरु | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरु | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरु | | | |
| | | | | |
| ग. | जिवजन्तु | | | |
| | | | | |

**झ. वहाल विटौरी**

| क.सं. | सम्पत्तिहरु | स्थान | इकाई | परिमाण | दर |
|---|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरु | | | | |
| | | | | | |
| ख. | मेसिनहरु | | | | |
| | | | | | |
| ग. | सार्वजनिक सम्पत्ति | | | | |
| | | | | | |
| घ. | हाट बजार | | | | |
| | | | | | |

**ण. पालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका तथा सेवाग्राहीलाई उपलब्ध गराउने सेवा**

| क.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहर मैला व्यवस्थापन | | | | |
| २ | स्थानीय खानेपानी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बिजुली | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथि गृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायमशाला | | | | |
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | पशु बधशाला | | | | |
| १७ | शवदाह गृह | | | | |
| १८ | बसपार्क | | | | |
| १९ | अन्य पार्किङ्ग क्षेत्र | | | | |
| २० | सिफारिश तथा प्रमाणित | | | | |
| २१ | दर्ता, अनुमाति, नविकरण दस्तुर | | | | |
| २२ | मूल्याङ्कन सेवा शुल्क | | | | |
| २३ | नक्सापास | | | | |
| २४ | अन्य ................. | | | | |
| **जम्मा** | | | | | |

**अनुसूची ३ : राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण**

गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं. २०७८/७९
च.नं. ११८८

मिति : २०७८/०९/२६

विषय : कार्यक्रम समन्वय तथा अनुमति सम्बन्धमा ।

श्री प्रदेश प्रशिक्षण प्रतिष्ठान
लुम्बिनी प्रदेश, नेपालगंज बाँके

उपरोक्त सम्बन्धमा यस गाँउपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा तयारि प्रयोजनका लागि तहाँ प्रतिष्ठान र गभर्नेन्स एण्ड डिजाइन सोलुसन प्रा.लि. काठमाण्डौ बीच सम्झौता बमोजिम उक्त गभर्नेन्स एण्ड डिजाइन सोलुसान प्रा.लि.ले यस गाँउपालिकाको पहिलो चरणको बैठक/छलफल हुदा मिति २०७८/०९/२६ गतेबाट अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय भएको हुदा प्रारम्भिक प्रतिबेदन बुझाउनका लागि यस कार्यालयबाट कार्यक्रम कार्यान्वयनको लागि अनुमति दिइएको ब्यहोरा अनुरोध छ । साथै यस सम्बन्धि बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरिएको ब्यहोरा अनुरोध छ ।

(विष्णु प्रसाद गुरुङ)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्र. अधिकृत
विष्णु प्र. गुरुङ

email: geruwarmun@gmail.com | info@geruwamun.gov.np website: www.geruwamun.gov.np
सम्पर्क नं.: अध्यक्ष: ९८५८०३८१११, प्रमुख प्रशासकीय अधिकृत: ९८५८०९०४४१, सूचना अधिकारी: ९८५८०३८१३३
समृद्ध गेरुवा गाउंपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार

Scanned with CamScanner

आज मिति २०८१।३।२६ गते गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह केसी ज्यु को अध्यक्षतामा बैठक बसी यस गाउँपालिकाको राजस्व सुधार योजना तयार गर्न देहाय बमोजिमको निर्णयहरु गरियो ।


गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
२०७४

उपस्थिति :

| | | |
|---|---|---|
| १) | श्री जमान सिंह केसी | गा०पा०गा० अध्यक्ष |
| २) | श्री हिमा कुमारी थारु | ,, ,, उपाध्यक्ष |
| ३) | श्री विष्णु प्रसाद गुरुङ | प्रमुख प्रशासकीय अधिकृत |
| ४) | श्री नवराज अधिकारी | शिक्षा प्रमुख |
| ५) | श्री प्रकाश शर्मा | प्रशासन शाखा प्रमुख |
| ६) | शंकर पोखरेल | इन्जिनियर |
| ७) | रमेश भण्डारी | इन्जिनियर |
| ८) | कुलनारायण चौधरी | योजना शाखा प्रमुख |
| ९) | तीर्थ बहादुर सिंह | आर्थिक प्रशासन शाखा |
| १०) | कालिका चौधरी | अ०ले०प० |
| ११) | आँधी राम चौधरी | उद्योग वाणिज्य उपशाखा |
| १२) | जमुना चौधरी | राजस्व शाखा |
| १३) | बसुन्धरा थारु | पञ्जीकरण उपशाखा |
| १४) | रमा पुन मगर | महिला बालबालिका शाखा |
| १५) | वि०के० महरा | राजस्व सहायक |
| १६) | दिपक बहादुर अधिकारी | |
| १७) | अर्जुन गन्धर्व | |
| १८ | पूर्ण बहादुर शाही | रोजगार शाखा |
| १९ | बिनिता थारु | दर्ता शाखा |
| २० - | राजेश ... | रोजगार शाखा |
| २१ | सविता केहरा | उद्यम विकास सहजकर्ता |
| २२ | रमेश बजगाईं | प्राविधिक शाखा |
| २३ | प्रेम बहादुर जि सी | योजना शाखा |
| २४ | प्रदिप कुमार शर्मा | योजना शाखा |
| २५ | पुष्प बहादुर थापा | स्वास्थ्य शाखा |
| २६ | [illegible] | ... वडा अध्यक्ष |

Scanned with CamScanner

**अनुसूची ४ : राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी अन्तिम कार्यशाला गोष्ठीको आयोजना उपस्थिति विवरण**



गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं.०७८/७९
च.नं. १२०२०

मिति:२०७८।११।२५

श्री गभर्नेन्स एण्ड डिजाइन सोलुसन प्रा.ली
काठमाण्डौं।

विषयः कार्य सम्पादन बारे ।

प्रस्तुत विषयमा श्री गभर्नेन्स एण्ड डिजाइन सोलुसन र लुम्विनी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, बाँके बीच यस गेरुवा गाउँपालिकाको राजश्व सुधार योजनाको सम्पुर्ण कार्य सम्पादन भई अन्तिम प्रतिवेदन प्राप्त भएको जानकारी गराउँदै श्री गभर्नेन्स एण्ड डिजाइन सोलुसन र लुम्विनी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज बाँकेंलाई धन्यवाद ज्ञापन गर्दै कार्यसम्पादन पत्र उपलब्ध गराएको छु ।

...........................
विष्णु प्रसाद गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्र. अधिकृत
विष्णु प्र. गुरुङ

email: geruwarmun@gmail.com | info@geruwamun.gov.np website: www.geruwamun.gov.np
सम्पर्क नं.: अध्यक्ष: ९८५८०३८१११, प्रमुख प्रशासकीय अधिकृत: ९८५८०९०४४१, सूचना अधिकारी: ९८५८०३८१३३
समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार

आज मिति २०७८ साल फागुन २५ गतेका दिन प्रदेश सुशासन प्रतिष्ठानको सहयोगमा गभर्नेन्स एण्ड डिजाइन सोलुसनको सहजिकरण र गेरुवा गाउँपालिकाको आयोजनामा गेरुवा गाउँपालिकाको राजस्व सुधार आयोजना २०७८ को अन्तिम प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रम राजस्व परामर्श समितिका संयोजक श्री हिमा कुमारी थारु ज्यू को अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति

(१) जमान सिंह के.सी. अद्यक्ष
२) हिमा कुमारी थारु उपाद्यक्ष
३) दयाराम वैद्य थारु कार्यपालिका सदस्य
४) आलोक कुमार थारु ''
५) पुनाराम थारु ''
६) बल बहादुर चलाउने ''
७) धर्म प्रकाश थारु ''
८) ~~देव बहादुर थारु~~ अमित (वडा नं. ९)
९) राजु ~~बक~~ बडुवाल रवमी ''
१०) मैथिला शर्मा पौडेल ''
११) चन्द्रकुमा कामी ''
१२) शान्ति चौधरी ''
१३) लोकेश बहादुर नेपाली ''
१४) बम बहादुर थि.कु ''
१५) नवराज भट्टराई
१६) विष्णु प्रसाद गुरुङ
१७) भिमराज पौडेल
१८) सुमुना कुवर
१९) बि.के. मल्ल
20 दिपक बहादुर अधिकारी

गेरुवा गाउँपालिकाको राजस्व सुधार योजना प्रस्तुतिकरण गभर्नेन्स एण्ड डिजाइन सोलुसनका पिरो सहमती द्धारा प्रस्तुत गर्दै आवश्यक सुझाव समावेश गरी अन्तिम प्रतिवेदन प्राप्त भयो ।

आज मिति २०७८ फागुन २४ गते गेरुवा गाँउपालिकाका अध्यक्ष श्री अमान सिंह के.सी. ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी यस गाँउपालिकाको राजस्व सुधार योजनाको अन्तिम मस्यौदा प्रतिवेदन माथी छलफल गरी राय-सुझावहरु संशोधन सहित समावेश गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. श्री अमान सिंह के.सी. | अध्यक्ष | |
| २. श्री हिमा कुमारी थारु | उपाध्यक्ष | |
| ३. श्री दयाराम वैद्य थारु | कार्यपालिका सदस्य | |
| ४. श्री आलोक कुमार थारु | " | |
| ५. श्री पुनाराम थारु | " | |
| ६. श्री बल बहादुर चलाउने | " | |
| ७. श्री धर्म प्रकाश थारु | " | |
| ८. श्री ~~[illegible]~~ भामिते खड्का | " | |
| ९. श्री राजु बहुवाल खत्री | " | |
| १०. श्री मेनुका शर्मा पौडेल | " | |
| ११. श्री चन्द्र रुपा कामी | " | |
| १२. श्री शान्ति चौहारी | " | |
| १३. श्री लोकेन्द्र बहादुर नेपाली | " | |
| १४. श्री बम बहादुर वि.क. | " | |
| १५. श्री नवराज बहराई | | |
| १६. श्री विष्णु प्रसाद गुरुङ | | |
| १७. श्री भिमराज पौडेल | | |
| १८. सुजना कुमारी | | |
| १९. वि.के. महर्जन | | |
| २०. दिपक बहादुर कार्की | | |

प्रस्तावहरु :

(१) गेरुवा गाउँपालिकाको राजस्व सुधार योजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा

(२) गेरुवा गाउँपालिकाको राजस्व सुधार योजनाको अन्तिम प्रतिवेदन गाउँ सभाबाट अनुमोदन गर्ने सम्बन्धमा

निर्णयहरु

निर्णय नं. १ :- गेरुवा गाउँपालिकाको राजस्व सुधार योजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा प्रस्तुतिकरण तथा छलफल गरियो साथै राजस्व सुधार योजना अन्तिम मस्यौदा संशोधन सहित पारित गर्ने निर्णय गरियो। राजस्व सुधार योजना तयार गर्न सहयोग गर्ने प्रदेश सुशासन प्रतिष्ठान, गभर्नेन्स एण्ड डिजाइन सोलुसन तथा विज्ञलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं. २ :- गेरुवा गाउँपालिका राजस्व सुधार योजनाको अन्तिम प्रतिवेदन माथि छलफल गरी कार्यपालिकाबाट पास गरिएको राजस्व सुधार योजना यस पालिकाको आगामी गाउँ सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो।

**अनुसूची ५ : राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति फोटोहरु**

















